तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## कार्यपालिका बैठक संख्या ४/०७८/०७९ (११४) मिति २०७८/०७/३० गते

प्रस्तावहरुः

१. कार्यपालिका बैठक समीक्षा सम्बन्धमा ।
२. देहायका कार्यविधि स्वीकृत सम्बन्धमा ।
   क) तिलोत्तमा नगरपालिकाको मेयर जनता आवास कार्यविधि, २०७८,
   ख) तिलोत्तमा नगरपालिकाको एकीकृत पार्क व्यवस्थापन तथा संचालन कार्यविधि, २०७८ ।
३. वडास्तरको योजना सम्झौता गर्न वडा कार्यलयको समय तालिका निर्धारण गर्ने सम्बन्धमा ।
४. जग्गा आवास योजना (Land Poling) कार्य अगाडि बढाउने सम्बन्धमा ।
५. जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा अभियान सम्बन्धमा ।
६. बालमैत्री स्थानीय शासन (CFLG) वडास्तरको प्रगती तथा आगामी कार्ययोजना तथा सूचक लेखाजोखाको जानकारी सम्बन्धमा ।
७. नदिजन्य पदार्थको कार्यसूची (TOR) स्वीकृत सम्बन्धमा ।
८. सम्मान तथा पुरस्कार वितरण गर्ने सम्बन्धमा ।
९. योजनाहरु संशोधन सम्बन्धमा ।
१०. विविध ।
   क) ज्ञापन पत्र सम्बन्धमा ।
   ख) "घ" वर्गको इजाजतपत्र प्रदान गर्न स्वीकृती सम्बन्धमा ।
   ग) जग्गा सिफारिस सम्बन्धमा ।
      अ) गौतमबुद्ध मा.वि., वडा नं.-९,
      आ) मोही जग्गा, वडा नं.-७ ।
   घ) मंगलापुर कान्छी बजार सडकको योजना कार्यान्वयन सम्बन्धमा ।
   ङ) बारुण यन्त्र खरिद सम्बन्धमा ।
   च) म्याद थप सम्बन्धमा ।
   छ) नदीजन्य पदार्थको जफत प्रक्रिया अगाडी बढाउने सम्बन्धका ।
   ज) धान बालीको क्षतिको विवरण उपलब्ध गराउने सम्बन्धमा ।
   झ) फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा ।



प्रदीप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

# निर्णयहरु

निर्णय नं.-१

- यस पूर्व बसेको कार्यपालिका बैठकबाट पारित भएका निर्णयहरुको समीक्षा गरियो ।

निर्णय नं.-२

तिलोत्तमा नगरपालिकाबाट प्रस्ताव गरिएका देहाय बमोजिमका कार्यविधिहरु प्राप्त राय सुझावहरु सहित स्वीकृत गर्ने निर्णय गरियो ।

क) "तिलोत्तमा नगरपालिकाको मेयर जनता आवास कार्यविधि, २०७८" ।

ख) "तिलोत्तमा नगरपालिकाको एकीकृत पार्क व्यवस्थापन तथा संचालन कार्यविधि, २०७८" ।

निर्णय नं.-३

- आ.व.२०७८/०७९ मा यस नगरपालिका अन्तर्गत वडास्तरको योजना कार्यान्वयनका लागि समय तालिका निर्धारण गरी तपसिलका वडा कार्यालयमा नै गई योजना सम्झौता गर्ने निर्णय गरियो ।

| सि.नं. | वडा नं.- | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | १ | २०७८/०८/१२ | बिहान ११ बजे देखि ४ बजे सम्म | वडा नं.-२ को कार्यालय |
| २ | २ | | | |
| ३ | ३ | २०७८/०८/१२ | | वडा नं.-४ को कार्यालय |
| ४ | ४ | | | |
| ५ | ५ | २०७८/०८/१४ | | वडा नं.-५ को कार्यालय |
| ६ | ६ | | | |
| ७ | ७ | २०७८/०८/१४ | | वडा नं.-८ को कार्यालय |
| ८ | ८ | | | |
| ९ | ९ | २०७८/०८/१६ | | वडा नं.-९ को कार्यालय |
| १० | १० | | | |
| ११ | ११ | २०७८/०८/१५ | | वडा नं.-११ को कार्यालय |
| १२ | १२ | | | |
| १३ | १३ | २०७८/०८/१५ | | वडा नं.-१३ को कार्यालय |
| १४ | १४ | | | |
| १५ | १५ | २०७८/०८/१३ | | वडा नं.-१६ को कार्यालय |
| १६ | १६ | | | |
| १७ | १७ | | | वडा नं.-१३ को कार्यालय |

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं.-४**

- मिति २०७८/०७/२४ गतेको तिलोत्तमा टाउन प्लानिङ्ग जग्गा सहजिकरण समितिको बैठकको निर्णयानुसार तिलोत्तमा नगरपालिका वडा नं.-१६ र १७ अन्तर्गत प्रथम चरणमा (बिहुली गाउँको पूर्व पर्ने भै.लु.भु.ज. सडक देखि पूर्व वरवलिया गाउँ र डाँडा देखि पश्चिम चिहुली गाँउ र पकडिहवा गाँउ देखि दक्षिण प्रसहवा कत्था फैक्ट्री गंगोलिया जाने डम्मरभरुवा बाटो नहर देखि उत्तर अन्दाजी ५०० सय विगाह जग्गा) र दोस्रो चरणमा (वरवलिया डाँडा र गाँउ देखि पूर्व जमुहानी गाँउ देखि पश्चिम ठठरिया ऐन टावर देखि उत्तर पश्चिम र मधवलिया भुतहवा सडक खण्ड देखि दक्षिण अन्दाजी ४०० चार सय विगाह जग्गा) जग्गा आवास योजना (Land Poling) को संभाव्यता अध्ययन लगायत आवश्यक प्रक्रिया अगाडी बढाउन नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.-५**

- २०७८/०८/०२ गते देखि शुभारम्भ हुने जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा अभियानमा वडास्तरबाट वडा समितिका सदस्यहरुले आवश्यक समन्वय र सहजिकरण गर्न अनुरोध निर्णय गरियो । साथै उक्त अभियानमा खटिने कर्मचारीहरु र वडा समितिका सदस्यहरुलाई दैनिक रु.२०० खाजा खर्च वापत दिने निर्णय गरियो ।

**निर्णय नं.-६**

- बालमैत्री स्थानीय शासन (CFLG) वडास्तरको प्रगती, आगामी कार्ययोजना तथा सूचक लेखाजोखाको जानकारी लिइयो । साथै तोकिएको समयमा सम्पन्न गर्ने गरी सम्बद्ध सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.-७**

- नदिजन्य पदार्थको IEE को कार्यसूची (TOR) स्वीकृत गरियो ।

**निर्णय नं.-८**

- विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउनु हुने विभिन्न संघसंस्था, व्यक्तित्व लगायत कर्मचारीहरुलाई पुरस्कृत गर्न पुरस्कार तथा सिफारिस समितिको मिति २०७८/०७/२३ गतेको निर्णयानुसार पेश भएका देहायका विधाहरुमा पुरस्कार वितरण एवम् सम्मान गर्ने निर्णय गरियो ।

| क्र.स. | पुरस्कार तथा सम्मानका क्षेत्रहरु | संख्या |
|---|---|---|
| १ | विकास व्यवस्थापन तथा सेवा प्रवाह कार्यमा उत्कृष्ट वडा कार्यालय | १ |
| २ | उत्कृष्ट राष्ट्रसेवक कर्मचारी मुख्य प्रशासनिक कार्यालय तथा वडा कार्यालय | ३ |
| ३ | उत्कृष्ट करदाता | |
| | सबैभन्दा बढी सम्पति कर तिर्ने करदाता सम्मान | १ |



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घिमिरे
नगर प्रमुख

|  |  |  |
|---|---|---|
|  | सबैभन्दा बढी व्यवसाय कर तिर्ने करदाता सम्मान | १ |
| ४ | आइसोलेसनमा खटिएका स्वास्थ्यकर्मी (सबै) सम्मान |  |
| ५ | कोभिड व्यवस्थापनमा नगदी तथा जिन्सी सहयोग गर्ने व्यक्ति तथा संस्था सम्मान (सबै) |  |
| ६ | नगरस्तरीय कोभिड व्यवस्थापन सेन्टरका सदस्यहरु सबै सम्मान | १७ |
| ७ | कोभिड व्यवस्थापनमा कार्यमा खटिएका स्वास्थ्यकर्मी/एम्बुलेन्स चालक (सबै) |  |
| ८ | उत्कृष्ट स्वास्थ्यकर्मी (नगर तथा वडा कार्यालय मध्येवाट) | १ |
| ९ | उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्था | १ |
| १० | उत्कृष्ट टोल विकास संस्था | ५ |
| ११ | क्वारेन्टाईन सञ्चालन गरेका विद्यालयहरु सम्मान | २ |
| १२ | नमुना सरसफाईयुक्त घर प्रत्येक वडाबाट-१ | १७ |
| १३ | उत्कृष्ट कृषक समुह | ५ |
| १४ | उत्कृष्ट युवा उद्यमी महिला तथा पुरुषबाट १/१ जना | २ |
| १५ | उत्कृष्ट शिक्षण संस्था सामुदायिक विद्यालय आधारभूत तथा माध्यमिक तहबाट | २ |
| १६ | उत्कृष्ट सरसफाई कर्मीबाट | १ |
| १७ | उत्कृष्ट नगर प्रहरी | १ |
| १८ | उत्कृष्ट पत्रकारीता पुरस्कार | २ |
| १९ | उत्कृष्ट खेलाडी | २ |
| २० | उत्कृष्ट भाषाकला साहित्य व्यक्ति | १ |

निर्णय नं.-९

- चालु आ.व.०७८/०७९ को नगर विकास योजनामा देहाय बमोजिमका योजनाहरु वडा कार्यालयबाट प्राप्त पत्रहरुको आधारमा आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | वडा नं. | नगर विकास योजनामा भएको नाम | योजनाको संशोधित नाम |
|---|---|---|---|
| १ | ४ | शी.नं. ३०३० (३) ह्युम पाइप खरिद | शी.नं. ३०३० (३) विद्युत पोल खरिद |
| २ | ५ | आर्शिवाद पथ कालोपत्रे | आर्शिवाद पथ कालोपत्रे मर्मत |
| ३ |  | नौलो पथ कालोपत्रे | नौलो पथ कालोपत्रे मर्मत |



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ४ | | प्रशान्ति मार्ग कालोपत्रे | प्रशान्ति मार्ग कालोपत्रे मर्मत |
| ५ | | संगम पथ कालोपत्रे | संगम पथ कालोपत्रे मर्मत |
| ६ | | बुद्धभूमि पथ कालोपत्रे | बुद्धभूमि पथ कालोपत्रे मर्मत |
| ७ | | लालीगुरास पथ कालोपत्रे (सरस्वती पथ देखि पोषण पथ सम्म) | लालीगुरास पथ कालोपत्रे मर्मत (सरस्वती पथ देखि पोषण पथ सम्म) |
| ८ | | कालिका पथ कालोपत्रे | कालिका पथ कालोपत्रे मर्मत |
| ९ | | मुरारी पथ कालोपत्रे | मुरारी पथ कालोपत्रे मर्मत |
| १० | | पुरानो हाटबजार भित्र कालोपत्रे | पुरानो हाटबजार भित्र कालोपत्रे मर्मत |
| ११ | | दुर्गादेवी पथ कालोपत्रे | दुर्गादेवी पथ कालोपत्रे मर्मत |
| १२ | १४ | बनकटी गाईफारम सडक विस्तार तथा कालोपत्रे | बनकटी गाईफारम सडक विस्तार |
| १३ | | भण्डारी पथ भुई ढलान जनक टोल | चिहुली सडक भुई ढलान |
| १४ | | शान्ति पथ सडक कालोपत्रे | शान्ति पथमा भुई ढलान |
| १५ | १६ | विहुली गाँउ उत्तर कुलोमा नाली मर्मत अधुरो योजना | सितापुरमा नाली निर्माण |
| १६ | | डिउहार टोल सामुदायिक भवन | डिउहार टोलमा भुई ढलान |
| १७ | | विन्दवासिनी पुरानो क्लव भवन मर्मत | प्रगतिशिलमा नाली निर्माण |

निर्णय नं.-१० विविध (क)

- नेपाली काग्रेस, तिलोत्तमा नगरपालिका ६ नं. वडा कार्य समितिले मिति २०७८/०६/१७ गते पेश भएको ज्ञापनपत्रका सम्बन्धमा जानकारी लिइयो ।

निर्णय नं.-१० विविध (ख)

- तिलोत्तमा नगरपालिका वडा नं.-२ स्थित ब्लुस्टोन कन्स्ट्रक्सन प्रा.लि., तिलोत्तमा नगरपालिका वडा नं.-२ स्थित नव कमल निर्माण सेवा प्रा.लि. र तिलोत्तमा नगरपालिका वडा नं.-७ स्थित भुसाल इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.बाट "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गर्नको लागि आवश्यक कागजात सहित निवेदन पेश भएकोमा सो सम्बन्धमा गठित जाचँबुझ तथा सिफारिस समितिको मिति २०७८/०७/२९ को सिफारिस अनुसार "तिलोत्तमा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन)" को दफा ४ अनुसार उक्त निर्माण व्यवसायीलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउन स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

२०७८।७।३०
प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं.-१० विविध (ग)**

अ) तिलोत्तमा नगरपालिका, वडा नं.-९ केवलानी स्थित कि.नं.२८६, १-८-६ क्षेत्रफलको सार्वजनिक जग्गा वि.सं. ~~२०१८~~ २०२६ साल देखि श्री गौतम बुद्ध माध्यमिक विद्यालयको नाममा रही भोगचलन गर्दै आएको र उक्त जग्गाको जग्गा धनी प्रमाणपूर्जा नभएकोले सोही विद्यालयको स्वामित्वमा ल्याउन जिल्ला प्रशासन कार्यालय, रुपन्दही र नेपाल सरकारको **"सार्वजनिक प्रकृतीको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७"** लगायत प्रचलित कानून बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्‌बाट निर्णय गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

आ) ज.ध. जीव कुमारी पाण्डेको नाउँमा दर्ता कायम रहेको जि. रुपन्देही तिलोत्तमा नगरपालिका वडा नं. ७ (साबिक करहिया गा.वि.स. वडा नं. ५क) कि.न. ७५ ज.बि. ३-१-३ को कित्ता जग्गा र उक्त जग्गामा सोही ठाउँ बस्ने भगवान दत्त दुवेले मोहियानी हक दावी गरेको र मोही भगवानदत्त दुबे भई श्रेस्ता पुर्जा कायम भएकोमा मालपोत कार्यालय भैरहवाको मिति २०७६/०१/२९ को निर्णय बाट उक्त कि.नं. ७५ ज.बि. ३-१-३ मध्ये उत्तर तर्फबाट ज.बि. १-५-१९ मोही भगवानदत्त दुबेको नाउँमा कायम हुने र दक्षिणतर्फ ज.बि. १-५-१९ को कित्ता जग्गा नेपाल सरकारको नाउँमा कायम हुने गरी निर्णय भएकोमा मालपोत कार्यालय, भैरहवा को मि.नं. ४३ मिति २०७७/७/२८ को निर्णयबाट हाल नेपाल सरकारको नाउँमा कायम रहेको दक्षिणतर्फको जग्गा ज.बि. १-५-१९ को जग्गा मोही भगवान दत्त दुवेलाई कमाउन खान दिइएको भनि निर्णय भई सो को जानकारी नगरपालिका कार्यालयलाई मालपोत कार्यालय भैरहवाको मिति २०७७/८/२२ को पत्रबाट प्राप्त भएकोले ज.बि. १-५-१९ को जग्गा नेपाल सरकारको नाउँमा लालपुर्जा ल्याउने प्रकृयाको लागि प्रचलित नियमअनुसार सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१० विविध (घ)**

- नगरपालिकाको मंगलापुर कान्छी बजार सडक अन्तर्गत पर्ने मंगलापुर देखि वेवरा चोक सम्म जोड्ने सडक खण्ड निर्माण सम्बन्धी आयोजना Urban Development Grant मार्फत निर्माण गर्ने गरी नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना मार्फत डि पी आर बमोजिम आवश्यक कार्यान्वयन प्रक्रिया अगाडि वढाउन शहरी विकास तथा भवन निर्माण विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

निर्णय नं.-१० विविध (ङ)

- नगरवासीको जिउधनको सुरक्षा तथा विपद् व्यवस्थापन कार्यमा सहयोग पुर्याउन आवश्यक बारुण यन्त्र थप थान एक खरिदका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.-१० विविध (च)

- राममणी बहुमुखी क्याम्पसको निर्माण सम्बन्धी ठेक्काको निर्माण कर्ता श्री आयुश निर्माण सेवाले दिएको निवेदन अनुसार मिति २०७८ पौष मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.-१० विविध (छ)

- मिति २०७८/०७/१७ गते नयाँ पत्रिकामा प्रकाशित सूचना अनुसार तिलोत्तमा नगरपालिका वडा नं.-३ र ४ को सिमानामा आ.व. ०७४/०७५ देखि वेवारिसे रहेको नदीजन्य पदार्थको जफत सम्बन्धी सूचना प्रकाशन गरेको मितिले ७ (सात) दिनभित्र पेश हुन आएका कागजातको छानविन गरी जफत प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.-१० विविध (ज)

- अविरल वर्षाका कारण तिलोत्तमा नगरपालिकाभित्रका सबै वडाहरुमा धान बालीमा पर्न गएको क्षतिको विवरण पठाउन मिति २०७८/०७/२६ गते सबै वडा कार्यालयहरुलाई पत्राचार गरिसकिएकोले सबै वडाहरुबाट विवरण प्राप्त नभएकोले मिति २०७८/०८/०५ गतेभित्र क्षतिको विवरण नगरपालिकाको कार्यालयमा उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.-१० विविध (झ)

- तिलोत्तमा नगरपालिकाबाट उत्पादित हुने फोहरमैलाको उचित दिगो व्यवस्थापन/प्रशोधन लगायतको कार्य गर्न विगत देखि तिलोत्तमा नगरपालिका वडा नं.-८, करहिया सामुदायिक वन क्षेत्रभित्र पर्ने सुखौरा खोला किनारामा पर्ने करिब ६-०-० (छ विगाहा) जग्गामा सामुदायिक वनको समेत कार्ययोजनामा समावेश गरी जनसहभागिता बास स्वास्थ्य सहकारी संस्था प्रा.लि.सँगको समन्वय सहकार्यमा विभिन्न क्रियाकलापहरु संचालन गर्दै आएकोमा सोही क्षेत्रलाई वन कार्यालयसँगको समन्वयमा नगरपालिकाको एकिकृत फोहरमैला संकलन तथा प्रशोधन केन्द्रको रुपमा वैज्ञानिक व्यवस्थापन गर्ने निर्णय गरियो ।

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख